annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३१६ पृष्ठ १० | काठमाडौं, शुक्रबार ८ चैत २०८१ | चैत्र कृष्णपक्ष सप्तमी, नेपाल संवत् ११४५ | FRIDAY, MARCH 21, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# पानी सुक्यो ? धनकुटाबाट सिक्नुस्

जलवायु परिवर्तन अहिले विश्वकै गम्भीर संकट हो । यसले बढाएको तापमानका कारण पोखरी र खानेपानीका मुहानहरू भटाभट सुकिरहेका छन् । यसबाट आक्रान्त स्थानीय सरकारले उपाय पहिल्याउँदै गएका छन् । रैथाने पोखरीहरूलाई रिचार्ज गरेर पानीको स्रोत निर्माण गर्ने क्रम धनकुटामा बढेको छ । यसलाई सिंगै देशले नमुनाका रूपमा प्रयोग गर्न सक्छ ।

**हरिबहादुर लम्जेल** | *धनकुटा*

**– को रिपोर्ट**

समाचार पृष्ठ २



**चौबिसे गाउँपालिका–२ मा रहेको धप्पड ताल ।** ● हरिबहादुर लम्जेल

## पालिका प्रमुखबाटै छुवाछूतको निकृष्ट हर्कत



**शम्भु यादव** | *सिरहा*

सिरहाको औरही गाउँपालिका-५ स्थित विष्णु महायज्ञ लगाउन महायज्ञ स्थल अछुतो हुन्छ भनेर एक दलित डोम परिवारको घर नै सारिएको छ। कात्तिक महिनादेखि नै महायज्ञ लगाउन करिब १२ कठ्ठा ऐलानी जग्गामा मूर्ति र यज्ञहोमका लागि घर टहरा बनाउन थालेका थिए। त्यही ठाउँसँग टाँसिएर दीपक मरिकको घर थियो। महायज्ञ हुने ठाउँमा दलितको घर हुँदा शुभ नहुने भन्दै घर सारिएको छ।

मरिक घर अहिले सुन्दर माविदेखि पश्चिमपट्टि बनाएका छन्। घर बनाउन फेरि यज्ञ समितिबाट नै सहयोग गरेका छन्। अहिले सरेको ठाउँमा मरिक परिवारले खानेपानी, बिजुलीबत्तीको सुविधा पाएका छैनन्। ट्युबवेलसमेत नहुँदा स्कुलबाट पानी ल्याएर काम चलाउने गरेका छन्।

घर सारिएपछि मरिक परिवारले आफूहरूमाथि जातीय छुवाछूतको नियत राखेर विभेद गरेको बताएका थिए। तर, घटना बाहिरिएपछि अहिले उनीमाथि सहमतिमै सरेको भनेर भन्नलाई दबाब यज्ञ समितिबाट दिन थालेका छन्।

» बाँकी पृष्ठ ६




POWERED BY JOY beautiful by nature | EXCLUSIVE VOTING PARTNER eSewa | EDUCATION PARTNER nami COLLEGE | HOSPITALITY PARTNER ROYAL TULIP | FASHION PARTNER KADE